# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

नागरिक शाखाबाट जानकारी: "सेवा काउन्टरमा धेरै भिड नहोस् भनेर सहयोग गर्नुहोस्"

吹田市民課からのお知らせ「窓口の混雑緩和協力を」

मार्च मध्यदेखि मे मध्यसम्म, घर सर्नु वा ठेगाना परिवर्तन जस्ता कामका कारण सेवा काउन्टरमा धेरै मानिसहरू आउने भएकोले भिड हुनेछ।

■ घर सर्नु वा ठेगाना परिवर्तन जस्ता (स्थानान्तरण) दर्ता गर्ने काम अनलाइन, शाखा वा पत्रमार्फत पनि गर्न सकिन्छ।

यदि तपाईं सर्ने घरको ठेगाना र मिति थाहा पाइसक्नु भएको छ भने, सर्ने मितिको 14 दिनभन्दा पहिले पनि दर्ता गर्न सकिन्छ। साथै, तलका तरिकाहरू अपनाएर भिड कम गरी प्रक्रिया गर्न सकिन्छ।

( 1 )अनलाइन

तलका इलेक्ट्रोनिक प्रमाणपत्र भएको माई नम्बर कार्ड आवश्यक छ:

प्रयोगकर्ता प्रमाणपत्र (Riyosha Shomei-yo Denshi Shomei-sho)

हस्ताक्षर इलेक्ट्रोनिक प्रमाणपत्र (Shomei-yo Denshi Shomei-sho)

वेबसाइट : https://www.city.suita.osaka.jp/kurashi/1018370/1018372/1025740.html

(2)शाखा काउन्टर

तलका शाखाहरूमा आवेदन दिन सकिन्छ:

सेंनरी शाखा

यामादा शाखा

सेनरीओका शाखा

（3） पोस्टमार्फत

विस्तृत जानकारीको लागि तलको वेबसाइट हेर्नुहोस् :

https://www.city.suita.osaka.jp/kurashi/1018370/1018373/1018376/1006668.html

■ बिदाको दिन अस्थायी काउन्टर खोलिनेछ

मार्च 21 (शनिबार), 28 (शनिबार), अप्रिल4 (शनिबार) बिहान 9 बजे देखि मध्यान्हसम्म नगरपालिकामा घर सर्ने/स्थानान्तरण/स्थानान्तरण दर्ता लिन सकिन्छ। प्रमाणपत्र तुरुन्त उपलब्ध गराइने छैन। यदि नागरिक शाखा बाहेक अन्य शाखामा प्रक्रिया गर्नु आवश्यक छ भने, पछि फेरि प्रक्रिया गर्नुहोस्।

■ भिड अनुमान गर्ने पात्रो (calendar) सार्वजनिक

नागरिक शाखाको आवेदन काउन्टरमा भिड कस्तो हुने छ भनेर, नगरपालिकाको वेबसाइटमा उपलब्ध भिड अनुमान पात्रो हेरेर जानकारी लिनुहोस्।

वेबसाइट : https://www.city.suita.osaka.jp/kurashi/1018370/1018378/1006642.html

混雑予想
カレンダー

■ सम्पर्क

नागरिक शाखा　फोन : 050-1807-2219

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।